जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**

**फैसला**

सम्बत् २०६९/७० सालको स.फौ.नं.९/९४

दर्ता मिति :– **२०६९/०२/२४**

मुद्दा :– **हातहतियार खरखजाना ।**

निर्णय नं.०१ , मिति :– **२०७१/०४/०८**

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले | **जिल्ला रामेछाप, गोश्वार गा.वि.स. वडा नं.७ बस्ने कुलबहादुर थापाको** |
| **नेपाल सरकार**.......... .........१ | **छोरा बर्ष २६ को धनबहादुर थापामगर**.................................... .१ |
| निजको प्रमाण.................................. | **निजको प्रमाण** ................................................................... |
| साक्षी............................................ | **साक्षी** ........................................................................... |
| कागज.......................................... | **कागज** ........................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षी...........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ :–**

(१) डा.इमरान अन्सारीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी धनबहादुर थापामगर भएको कर्तव्य ज्यान मुद्दाको अनुसन्धानको सिलसिलामा निज प्रतिवादीको डेराकोठा खानतलासी हुदा **AUTO MATIC PISTAL MADE IN CHINA NO. 22110** लेखेको पेस्तोल थान १ र **OK 07,KF 82,OK 01,OK 07,OK 06,KF 03** लेखेको **9 MM 22** को जङ्गी राउण्ड गोली थान ६ वरामद भएको हुदा हातहतियार खरखजना मुद्दामा कारवाही गरी पाउन निज प्रतिवादी धनबहादुर थापामगरलाई पक्राउ गरी दाखिला भन्ने समेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

(२) का.जि.का.म.न.पा.नयाँबजार बस्ने मेरो सहोदर भाई वर्ष ४० को फैजान अहमद अन्सारी आज मिति २०६८।६।९ गते का.जि.घण्टाघर नजिक प्रार्थना गरी निस्कि पैदल यात्रा गरी रहेको अवस्थामा अपरिचित २ जनाको समूहमा रहेका व्यक्तिहरुले शरिरमा अन्धाधुन्ध गोली प्रहारी गरी कर्तव्य गरी मारेको र संलग्न व्यक्तिहरुको एकिन नाम थर वतन वहाल खुल्न नआएको हुदा मेरो भाईको लास त्रि.वि.शिक्षण अस्पतालमा रहेको हुदा पोष्टमार्टम गरी सदगदको लागि जिम्मा बुझी पाउ भन्ने डा.इमरान अन्सारीको निवेदन ।

(३) घाइते महमुद अशिषको शरिर तथा घटनास्थलबाट उठाइएका गोलीका लिड र जङ्गी गोली सम्वन्धमा परीक्षण गर्न पठाइएकोमा दुवै गोलीको लीड Factory made revolver को भएको साथै जङ्गी गोली **9 MM 22 calibar pistol /SMGS -Sub-Machine Gun** को हुन सक्ने भन्ने व्यहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनको प्रतिलिपि ।

(४) खानतलासी हुदा वरामद भएको पेस्तोल र गोली मेरो केठाडेरावाट वरामद भएको हो । वरामदी मुचुल्काको दस्तखत मेरै हो । कलकीमा बसी रहेको अवस्थामा आदित्य पल मलाई भेट्न

आए,मेरी श्रीमती विरामी भईन इण्डिया जानु पर्ने भयो २ दिन पछि आउछु यो हतियार राखी दिनु पऱ्यो म आए पछि रु ५,०००।- दिन्छु भनी हतियार र गोली राख्न दिएकोले मैले निजले दिएको हतियार लिई कोठामा लगी राखेको थिए । त्यसपछि मैले निजहरुलाई भेटेको छैन । प्रहरीले मलाई पनि पक्राउ गर्छन भन्ने डरले भारतको कोलकत्तामा गई बसेको थिए । मिसिल संलग्न फोटोहरु आदित्य पल र फहज अहमदको हो । बब्बु, इमरान,त्रिलोक सिंह,दिपक सिंह,आदित्य पल,फहद अहमद र सरताज भन्नेको संलग्नतामा फैजान अहमद अन्सारीको गोली हानी हत्या गरेको हुनु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादी धनबहादुर थापामगरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(५) संकलित कागज प्रमाणहरुबाट प्रतिवादी धनबहादुर थापामगरले फैजन अहमद अन्सारीलाई गोली हानी हत्या भएपछि वारदातमा प्रयोग भएको हतियार तथा गोली विना इजाजत राखेको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी धनबहादुर थापामगरले विना इजाजत हतियार एवं खरखजाना ल्याई आफुसँग राखी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ४(२) विपरितको कसुर अपराध गरेको पुष्टि हुदा निज प्रतिवादीलाई सोहि ऐनको दफा २० को उपदफा (२) बमोजिम सजाय हुन, वरामद भएको हतियार तथा गोली सोही ऐनको दफा १६ बमोजिम जफत हुन र वारदातमा संलग्न रहि फरार रहेका व्यक्तिहरुको हकमा एकिन नामथर वतन खुली आएका बखत कानून बमोजिम हुने भनी मिति २०६९।२।२४ गते पेश भएको अभियोग-पत्र ।

(६) म ५१५३ नं. को ट्याक्सी चलाउथे । मलाई पक्राउ गरेको दिन भन्दा करिव १ वर्ष अगाडि होला एकिन मिति थाहा छैन एक दिन म दरवारमार्गमा ट्याक्सीको सिट पुछपाछ गर्दा पछाडिको सिटमा एउटा कालो झोला भेटी के रहेछ भनी हेर्दा पेस्तोल र गोली देखी कोठामा लगि राखेको थिए । सो कुरा मैले एक जना गाउकै हवल्दारलाई भनेको थिए । मलाई त्यहीबाट पक्राउ गरेको हो, मेरा अंकलहरु कोलकत्तामा भएकाले कलकोत्ता गएको हुँ । मलाई इण्डियामा पक्राउ गरेर नेपाल ल्याई सोधपुछ गर्दा मैले एउटा पेस्तोल र गोली चाही भेटेको छु भनी भनेको हुँ र कोठाबाट वरामद गरेको हो । मलाई कसैले दिएको होइन ट्याक्सीमा भेटेको हुँ । अनुसन्धानको क्रममा मलाई कलकी चोकमा भारतीय पाल भन्नेले राखी दिनु भनी दिएको भनेकोमा म २/३ महिनामा छुट्नु हुन्छ भनी भनेकाले सही गरी दिएको हो । के लेखे थाहा छैन भन्ने समेत व्यहोरको प्रतिवादी धनबहादुर थापामगरले यस कार्यालयमा गरेको वयान ।

(७) यसमा यी प्रतिवादी धनबहादुर थापामगरले वयान गर्दा आफूसँग हातहतियार खरखजना राख्ने इजाजत छैन । वरामदी पेस्तोल तथा गोलीहरु मेरै कोठाबाट वरामद भएका हुन भनी लेखाएको देखिदा पछि ठहरे बमोजिम हुने गरी हाल निजलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४क.बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू भन्ने समेत यस कार्यालयबाट मिति २०७०/०५/०४ मा भएको थुनछेक आदेश ।

<u>**यस कार्यालयको ठहर**</u>

नियम वमोजिम पेशी सुचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्धामा बादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायधिवक्तचा श्री कृष्णजंग शाह र प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्तात्रय श्री सानुमैया डंगोल, श्री विमला यादव र श्री राकेश कुमार शाहले गर्नु भएको वहस जिकिर सुनी विद्धान अधिवक्ता श्री सानुमैया डंगोलले पेश गर्नु भएको वहसनोट समेत अध्ययन गरियो । मिति २०६८।६।९ गते दिनको ११.०० बजेको समयमा का.जि.का.म.न.पा.३१, त्रिचन्द्र क्याम्पस अगाडि फैजान अहमद अन्सारीलाई गोली प्रहार गरी हत्या गरेको विषयमा प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । सो कर्तव्य ज्यान मुद्दाका अभियुक्तहरुले आफुहरु आवतजावत गर्न र हतियार ओसार पसार गर्न यी प्रतिवादी धनबहादुर थापामगरले चलाएको ट्याक्सी प्रयोग गरेको र वारदातमा प्रयोग भएको पेस्तोल र गोली यी

प्रतिवादीलाई छोडी गएको विषयको अनुसन्धानको क्रममा मिति २०६९।२।१५ गते यी प्रतिवादीको डेरा कोठा खानतलासी गर्दा **AUTOMATIC PISTOL MADE IN CHINA NO. 22110** लेखिएको पेस्तोल थान १ र **9 MM 22** लेखिएको गोली राउण्ड ६ वरामद भएको भन्ने प्रहरी प्रतिवेदन समेतका आधारमा यी प्रतिवादीलाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२) र ४(२) विपरितको कसूरमा ऐ.दफा २०(२) बमोजिम सजाय गरी ऐ दफा १६ बमोजिम वरामद पेस्तोल र गोली जफत गरी पाउ भन्ने अभियोग मागदावी रहेछ । यसमा प्रतिवादी धन बहादुर थापा मगरले हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३ (२) र ४ (२) विपरितको कसुर अपराध गरेका हुन् होइनन्, गरेका भए निजलाई कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्बन्धमा निर्णय गर्नु पर्ने देखिन आयो ।

अब निर्णय तर्फ विचार गर्दा अधिकार प्राप्त अधिकारी समक्षको वयानका क्रममा यी प्रतिवादीले आदित्य पाल भन्ने व्यक्तिले उक्त पेस्तोल र गोली राख्न दिएकाले राखी दिएको हुँ भनी खुलाई यस इजलास समक्षको वयानमा पनि आफ्नो डेराकोठाबाट एउटा पेस्तोल र गोली वरामद भएको भनी खुलाएका छन् । सम्बन्धित वरामदी मुचुल्काको प्रतिलिपि मिसिल संलग्न देखिन्छ । उक्त वरामद भएको पेस्तोल गोली Central Police Forensic Science Laboratory वाट परीक्षण र यकिन भई प्रतिवेदन मिसिल संलग्न रहेछ ।

अतः माथि विवचना गरिएका कागजात प्रमाणका आधारमा यी प्रतिवादी धनबहादुर थापामगरको डेरा कोठाबाट पेस्तोल-१ र गोली राउण्ड-६ वरामद भएको तथ्यमा कुनै विवाद रहेन । आफ्नो कोठा डेराबाट अवैध हातहतियार वरामद भएको र सो तथ्यलाई अभियुक्तले स्वीकारी सकेको अवस्थामा Strict Liability ( निरपेक्ष दायित्व )को सिद्धान्त अनुरुप हतियारको प्रयोजन र मनसाय तत्व तर्फ कुनै विवेचना गर्नु परेन । तसर्थ मिसिल संलग्न प्रमाण कागजका आधारमा यी प्रतिवादी धनबहादुर थापामगरले हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२) र ४(२) विपरित लाइसेन्स नलिई हतियार खरखजना आफु साथ राखेको र ल्याउने लैजाने कसूर गरेको ठहर्छ । सो ठहर्नाले निजलाई ऐ.दफा २०(२) बमोजिम तीन (३) वर्ष कैद हुन्छ । वरामद भई आएको पेस्तोल थान-१ र गोली राउण्ड-६ ऐ दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपशिल वमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.वमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएं ।

<u>तपसिल</u>

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्र. धनबहादुर थापामगरलाई ३ (तीन)वर्ष कैद हुने ठहरेकोमा निज प्रतिवादी अनुसन्धानको क्रममा प्रहरी हिरासतमा परेको मिति २०६९/०१/२६ देखी थुनामा बसेको देखिंदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी कैदिपूर्जी दिई कैदमा राख्न कारागर कार्यालयलाई लेखी पठाउनु..........................................................................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे फैसला ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई पुनरावेदन म्याद र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी फैसलाको जानकारी दिनु.......................................................................२

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ....३

वरामद भई आएको पेस्तोल थान-१ र गोली राउण्ड-६ जफत हुने ठहरेकाले नियमानुसार आम्दानी बाँध्न महानगरीय प्रहरी परिसरमा लेखी पठाउनु.........................................................................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..........................................................................५

श्रीमान् प्र.जि.अ.ज्यूबाट टिपाए बमोजिम लेख्ने ना.सु.परशुराम थापा

..................................

(बसन्त राज गौतम)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल श्रावण ०८ गते रोज ५ शुभम् .....................................................................